सर्वोच्च अदालत, एकल इजलास

माननीय न्यायाधीश डा. श्री आनन्दमोहन भट्टराई

आदेश

०७३- WO -०७४८

मुद्दाः परमादेश।

| | |
|---|---|
| वातावरणीय विकास तथा संरक्षण कानून मञ्चको तर्फबाट र आफ्नो हकमासमेत संस्थापक अध्यक्ष अधिवक्ता पदमबहादुर श्रेष्ठ ------------------------------------------------ | निवेदक |

विरुद्ध

| | |
|---|---|
| प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयसमेत ------------------------------------- | विपक्षी |

निवेदकको तर्फबाट विद्वान अधिवक्ताहरु श्री पदम श्रेष्ठ, श्री राजु फुँयाल, श्री श्यामकुमार बस्नेत, श्री ज्योति बानियाँ, श्री भुपप्रसाद वाग्ले, श्री अनिता गौतम पौडेल, श्री हरिशचन्द्र सुवेदी, श्री आरजु कार्की, श्री विजयकान्त मैनाली तथा श्री सटकोण श्रेष्ठले गर्नुभएको बहससमेत सुनियो।

यसमा के कसो भएको हो, निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो, निवेदन मागबमोजिमको आदेश जारी हुनु नपर्ने कुनै कारण भए यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र विपक्षी नं. ११ देखि १८ का हकमा आफैं वा आफ्नो प्रतिनिधीमार्फत् र अन्यका हकमा महान्यायाधिवक्ताको कार्यालयमार्फत् लिखित जवाफ पठाउनु भनी रिट निवेदनको एकप्रति नक्कल साथै राखी विपक्षीहरुलाई सूचना पठाई लिखित जवाफ आएपछि वा अवधि नाघेपछि नियमबमोजिम पेश गर्नू ।

अन्तरिम आदेश माग गरेको विषयमा हेर्दा, काठमाडौं उपत्यकामा वायु प्रदुषणको कारण जनस्वास्थ्यमा गम्भीर असर परेको विषय चासो र सरोकार बनाई प्रस्तुत रिट निवेदन दर्ता गरेको देखिन्छ। काठमाडौं उपत्यकाभित्र हाल मेलम्ची खानेपानीको पाइप लाईन राख्ने, ढल विस्तार निर्माण सुधार तथा सडक विस्तारको कार्य एकैसाथ भईरहेको र यी कारणबाट प्रदुषणको स्थिति सरकारद्वारा निर्धारित भई मिति २०६९/४/२९ को राजपत्रमा प्रकाशित वायुको गुणस्तर सम्बन्धी मापदण्डभन्दा कैयौं गुणा बढी हुन गई भयावहपूर्ण स्थिति रहेको पाइन्छ। यसको अलावा फोहोर मैलाको उचित व्यवस्थापन हुन नसक्दा जनस्वास्थ्यमा गम्भीर असर पर्न गई

स्वच्छ वातावरणमा बाँच्न पाउने नेपालको संविधानको धारा १६ को उपधारा (१) द्वारा प्रदत्त हकमा गम्भीर असर परेको कुरालाई दृष्टिगत गर्दा यस्तो स्थिती तत्काल रोक्नु आवश्यक देखिन्छ।

तसर्थ, नागरिक र सवारीको आगमन बढी हुने मूल सडकहरु र सवारीको अत्याधिक चाप भई धुलो उड्ने अन्य क्षेत्रहरु जहाँ जहाँ ढल वा सडक विस्तार भई पिच गर्न बाँकी रहेको अवस्था छ त्यहाँ पीच गर्ने कार्य तदारुकतापूर्वक सम्पन्न गर्न र सो कार्य सम्पन्न नभएसम्म कम्तिमा पनि दिनको एकपटक पीच सडक भत्काईएको वा पीच जीर्ण भएको कारण धूलो उडेको सडकमा पानी हाली धूलो नउड्ने व्यवस्था गर्नु। खानेपानीको पाइप विच्छयाउने, ढल विस्तार सुधार र सडक विस्तार सुधार कार्यबीच उचित समन्वय हुने गरी कार्यहरु गर्नु। यी कार्यहरुको कारण सृजित फोहोर मैला माटोसहितका निर्माण सामाग्रीको तत्काल व्यवस्थापन गर्नु भनी सो कार्य गर्ने प्राथमिक दायित्व भएका काठमाडौं उपत्यका खानेपानी लिमिटेड, मेलम्ची खानेपानी विकास समिति, खानेपानी तथा ढल निकास विभाग, सडक विभाग, वातावरण विभाग, काठमाडौं उपत्यका विकास प्राधिकरण, फोहोरमैला व्यवस्थापन प्राविधिक सहयोग केन्द्र, काठमाडौं महानगरपालिका, ललितपुर उपमहानगरपालिका, भक्तपुर नगरपालिकाका नाउँमा र उल्लिखित कार्य तुरुन्त सम्पन्न गर्ने गराउने सन्दर्भमा आइपर्ने व्यवधान फुकाउने, श्रोत साधन जुटाउने एवं अनुगमन र निरीक्षण गर्ने गराउनेतर्फ तत्काल कार्य गर्नु भनी अन्य विपक्षीहरुका नाउँमा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम अन्तरिम आदेश जारी गरिदिएको छ। साथै प्रस्तुत विषय जनस्वास्थयसँग गम्भिर रुपमा जोडिएको हुँदा लिखितजवाफ पेश गर्दा आदेश बमोजिमको कार्य सम्पन्न गर्ने सन्दर्भमा भएको प्रगति विवरणसमेत पेश गर्नू। यो विषयको छिटो टुङ्गो लाग्नुपर्ने देखिंदा सर्वोच्च अदालतको नियमावली, दफा६३(३)बमोजिम अग्राधिकारसमेत प्रदान गरिदिएको छ। आदेशको जानकारी बिपक्षीहरुलाई दिनू।

न्यायाधीश

इति सम्वत् २०७३ माघ १७ गते रोज २ शुभम् ---------------------------------